# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क २
(२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

## मधेस प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयले विगतदेखि नै त्रैमासिक रूपमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस प्रदेश कार्यालय अन्तर्गत रहेका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ ओटै जिल्लाका प्रतिनिधिहरूले सन् २०२४ (अप्रिलदेखि जुनसम्म) मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखिकरण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ । मधेस प्रदेशमा अप्रिलदेखि जुनसम्मको अवधिमा ७ सय ९ महिला सहित ७ सय ४४ जना पीडित भएका छन् ।

तीन महिनाको मानव अधिकार उल्लङ्घन तथा ज्यदतीका घटनाहरूको तथ्याङ्क विश्लेषण गर्दा मधेस प्रदेशमा अन्य पक्षबाट ७ सय ३० तथा राज्य पक्षबाट नौ जना पीडित भए । जसमध्ये ७ सय ९ महिला, २१ पुरुष अन्य पक्षबाट पीडित भए भने नौ जना पुरुष राज्य पक्षबाट पीडित भए । त्यस्तै यो तीन महिनाको अवधिमा पाँच ओटा आर्थिक सामाजिक तथा राजनीतिक अधिकारका घटनाहरू पनि अभिलेख गरिएको छ ।

इन्सेक मधेस प्रदेश कार्यालय, जनकपुरधामले सन २०२४ अप्रिलदेखि जुनसम्मका अभिलेखित घटनाहरूको अवस्था हेर्दा सन्तोषजनक रहेको छैन । यस अवधिमा अन्य पक्षबाट १० महिला सहित १८ जनाको मृत्यु भयो ।

जसमध्ये सिरहा नगरपालिका-१८ की तीन वर्षीया बालिका रियाकुमारी यादवलाई ०८१ वैशाख १२ गते सोही ठाउँका ७२ वर्षीय धनिकलाल यादव, ४७ वर्षीया सोना देवी यादव र १९ वर्षीया पुजाकुमारी यादवले हत्या गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा वैशाख १७ गते उजुरी दिए । शवको पोष्टमार्टम धरान स्थित विपी प्रतिष्ठानमा वैशाख १६ गते भयो । जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी मुक्तिनाथ सापकोटाले वैशाख १२ गते देखि बालिका हराएको सूचना आएपछि खोज तलास गर्दै जादा वैशाख १४ गते आरोपितहरुको घरको सिढि मुनी बोरा भित्र मुसुरोको झ्याङ्ले छोपेर राखेको अवस्थामा शव फेला परेको बताए। प्रारम्भिक अनुसन्धानको क्रममा

आरोपितहरुले नै बालिकाको घाटि थिचि हत्या गरेको खुल्न आएकोले आरोपितहरु सोना र पुजालाई वैशाख १५ गते गिरफ्तार गरेको र धनिकलाल हालसम्म फरार रहेकोले खोज तलास भइरहेको डिएसपी सापकोटाले बताए । जिल्ला अदालतको आदेशमा आरोपितहरु जेठ ११ गते देखि पुर्पक्षका लागि थुनामा रहेका छन् ।

बाल अधिकारका घटनामा ५६ बालिका र पाँच बालक गरी ६१ जना बालबालिकाहरू पीडित भएको घटना इन्सेक मधेस प्रदेश कार्यालयले अभिलेख गऱ्यो । अभिलेखित घटना अनुसार बलात्कारका घटनामा ४३ र यौन दुर्व्यवहारका घटनामा सात जना बालिका पीडित भए । बालविवाह घटनामा दुई बालिका र एक बालक र बेचविखन तथा ओसारपसार घटनामा तीन/तीन जना बालिका र बालक पीडित भए । त्यस्तै, कुटपिटबाट एक जना बालक र एक जना बालिका गरी दुई जना पीडित भए ।

यस अवधिमा महिला अधिकारका घटनामा ६ सय ४३ जना पीडित भए । जसमध्ये अपहरणमा एक, घरेलु हिंसाका घटनामा ५ सय ९४, बेचबिखन तथा ओसारपसारका चार, 'बोक्सी' घटनामा आठ, बहुविवाहका घटनामा चार, बलात्कार घटनामा ११, बलात्कार प्रयास घटनामा १६, यौन दुर्व्यवहार घटनामा चार, महिला भएकै कारण एक जना महिला पीडित भए ।

**राजु पासवान**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (अप्रिल–जुन २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | | ७ | ७ | | ६ | ६ | १३ |
| धम्की | | १ | १ | | | | १ |
| जातीय विभेद | | | | | ३ | ३ | ३ |
| बाल अधिकार | | | | ५६ | ५ | ६१ | ६१ |
| अमानवीय व्यवहार | | १ | १ | | | | १ |
| हत्या | | | | १० | ८ | १८ | १८ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | ५ | ५ |
| महिला अधिकार | | | | ६४३ | | ६४३ | ६४३ |
| जम्मा | | ९ | ९ | ७०९ | २१ | ७३० | ७४४ |

# मधेस प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार

#### हत्या

#### अन्यपक्षबाट

**धनुषा**

ईन्यूज ब्यूरोका कार्यकारी सम्पादक धनुषाधाम नगरपालिका-५ का ३० वर्षीय विनयकुमार यादवको ०८१ वैशाख ११ गते हत्या आरोपमा सोही ठाउँका ५५ वर्षीय सुशील यादव, २६ वर्षीय वीरेन्द्र यादव, २३ वर्षीय धीरेन्द्र यादव र ३२ वर्षीय ललन भनिने लक्ष्मीनारायण यादवविरुद्ध वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनास्थल र शवको प्रकृति हेर्दा दाजुको हत्या योजनाबद्ध भएको तर यसलाई दुर्घटनाको रुप दिन खोजिएकोले अनुसन्धानको लागि चार जनामाथि किटानी उजुरी दिएको मृतकका भाइ शङ्करप्रसाद यादवले बताए। शवको पोष्टमार्टम वैशाख १२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जन आवाले बताए। त्यस्तै, पीडित पक्षले दिएको उजुरी बुझ्दै जिल्ला प्रहरी कार्यालय धनुषा, अपराध अनुसन्धान शाखाका सई सिकेन्द्रकुमार कामतले घटनाको अनुसन्धान गरी आरोपितलाई कानुन अनुसार कारबाही गर्ने बताए।

**बारा**

आर्दशकोतवाल गाउँपालिका-२ खजुरीया टोलका रामराजा मोह विक्रम शाह बहुमुखि क्याम्पस कलैयाका क्याम्पस प्रमुख ५० वर्षीय हरिभुषण प्रसाद कुशवाहलाई २०८१ जेठ ३२ गते आदर्शकोतवाल गाउँपालिका वडा नं ३ बतरास्थित ग्रेवल सडक खण्डमा गोली प्रहार गरी हत्या गरेको आरोपमा असार ११ गते सोही ठाउँका ३२ वर्षीय अवधलाल प्रसाद कुशवाहा, २९ वर्षीय चाँदसी प्रसाद कुशवाहा, ३४ वर्षीय राधेश कुमार पटेल, ५४ वर्षीय विनोद राउत कुर्मी, सोही ठाउँ बतरा टोलका २७ वर्षीय चुल्हाई भनिने श्रवण कुमार साह, कलैया उपमहानगरपालिका-१० मटिअर्वाका ५० वर्षीय आम्रपाली भनिने ब्रहमदेव राम र करैयामाई गाउँपालिका-७ पिपराका ५० वर्षीय मोतिलाल चौधरीलगायत सात जनालाई गिरफ्तार गर्‍यो। पीडित परिवारले आरोपितहरुविरुद्ध असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितले गोली लागेपछि जिल्ला प्रहरी कार्यालयका एसपी र घर परीवारका सदस्यलाई फोन गरेर गोली हान्ने व्यक्ति र उसको साथमा रहेका व्यक्तिहरुको नाम जानकारी गराएका थिए। शवको पोस्टमार्टम असार १ गते वीरगञ्जस्थित बयोदा अस्पतालमा भयो। हाल अनुसन्धान प्रक्रियामा रहेको डिएसपी दधिराम न्यौपानेले बताए।

#### कुटपिट

#### राज्यपक्षबाट

**पर्सा**

बहुदरमाई नगरपालिका-८ रामनगरी का ई-रिक्सा चालक २८ वर्षीय रञ्जन साह तेली बिन्दवासिनी प्रहरी चौकीका प्रहरी जवान कौशल चौधरीले ०८० चैत २४ गते कुटपिट गरी घाइते बनाए। वीरगंज महानगरपालिका-१९ तिलावे पुल नजिकै चैत २४ गते बिहान पीडितले चलाएको मधेस प्रदेश ०३-००२ ख १८२२ नम्बरको ई-रिक्सा रोकी प्रहरीले कुटपिट गरेको पीडितले बताए। "पोखरियाबाट वीरगञ्ज तर्फ जाँदै गर्दा तिलावे पुल नजिकै डियूटीमा रहेका प्रहरी जवान चौधरीले ई-रिक्सा रोक्न भनी सिटी बजाएका थिए। प्रहरीको सिटी सुनी पछाडी फर्की हेर्दा प्रहरी जवान चौधरी अर्के तर्फ फर्केको हुनाले ई-रिक्सा अगाडि बढाउँदै हिँडेको थिएँ" पीडितले बताए। तर, आरोपित प्रहरी बसमा चढी तिलावे पुल पारी तेल ट्याङ्की नजिक ई-रिक्सा रोकाइ "तिमी किन ई-रिक्सा नरोकेको" भन्दै अपशब्द प्रयोग गर्नुको साथै कुटपिट समेत गरेको पीडितले बताए। आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयमा चैत २४ गते उजुरी दिएको पीडितले बताए। आरोपित प्रहरीसँग स्पष्टिकरण सोधिने इलाका प्रहरी कार्यालय पोखरियाका इन्स्पेक्टर मोहन बिक्रम केशीले जानकारी दिए। साथै दोषीलाई कानुन बमोजिम कारवाही हुने इन्स्पेक्टर केशीले बताए। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा चैत २४ गते भयो। आरोपित प्रहरीलाई विभागीय कारबाही गरेको इलाका

प्रहरी कार्यालय पोखरियाका इन्स्पेक्टर मोहन बिक्रम केशीले जानकारी दिए।

**सप्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टीका राजविराज नगर अध्यक्ष राजविराज नगरपालिका-७ का ३३ वर्षीय खेलानन्द दासलाई २०८० चैत ५ गते राजविराज नगरपालिकाका निलम्वित मेयर राजविराज नगरपालिका-९ का ५८ वर्षीय भिमराज यादव, उनका छोरा ३२ वर्षीय विलियम यादव र राजविराज नगरपालिका-५ का ४७ वर्षीय गुलाब यादवलगायतकाले कुटपिट गरेको भन्दै दासले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सिटी रिक्सामा 'भ्रष्टाचारी मेयर भिमराज यादव राजिनामा देउ' लेखिएको ब्यानर टाँगेर माइकिङ गर्दै बजार परिक्रमा गरिरहेका बेला राजविराज नगरपालिका-३ स्थित ग्लोबल बैंक अगाडि आरोपितहरुको समूहले कुटपिट गरेको दासले बताए। घाइते दासको राजविराज नगरपालिका-४ स्थित छिन्नमस्ता अस्पतालमा उपचार भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार आरोपमा दायर गरेको मुद्दामा निलम्बित मेयर यादवलाई विशेष अदालतले साउन ३२ गते दोषी ठहर गर्दै २ लाख ६३ हजार ४ सय ६८ रुँपियाँ जरिवाना तोकेको छ। "न्यायिक निकायमा मुद्दा चलिरहेको बेला अदालतलाई प्रभावित पार्ने गरी राजनीतिक रूपमा बदनाम गर्न नियोजित रूपमा राजिनामा माग्दै दुष्प्रचार गरेको देखेपछि आक्रोशित कार्यकर्ताले कुटपिट गरेको यादवले बताए। कानुनभन्दा माथि कोही नहुने भन्दै दासले न्यायिक निकाय हुँदाहुँदै आरोपितहरूले कानुन हातमा लिएर कुटपिट गर्नुलाई लोकतन्त्रमाथिकै प्रहार भएको बताए। जिल्ला प्रहरी कार्यालयले हालसम्मउजुरी दर्ता गरेन्।

**कुटपिट**
**अन्यपक्षबाट**
**सर्लाही**

जनता समाजवादी पार्टी नेपाल (जसपा) का नेता एवम् प्रतिनिधि सभाका पूर्व सांसद मलंगवा नगरपालिका-६ खुटौनाका ४३ वर्षीय प्रमोद साहलाई ०८१ वैशाख १ गते राती कुटपिट गरेको भन्दै हरिपुर नगरपालिका-६ का ३२ वर्षीय आर्यन चौधरी, २९ वर्षीय सिद्धान्त चौधरी र हरिपुर नगरपालिका-२ का २७ वर्षीय सरोज माझीलाई वैशाख २ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार भएका तीनै जनामाथि ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको र अन्य चार जना फरार आरोपितहरूको खोज तलास समेत भइरहेका जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए। मकै बालीमा पानी लगाएर घर फर्किरहेका पूर्व सांसद साहका कामदार ४६ वर्षीय राजेन्द्र महतोले हरिपुर बजारमा मोटरसाइकल रोकेपछि नजिकै मदिरा सेवन गरिरहेको युवाहरूले "किन यहाँ मोटरसाइकल रोकिस्" भन्दै लाठी प्रहार गरी कुटपिट गरेको महतोले सांसद साहलाई बताएपछि घटना स्थलमा पुगेका पूर्व सांसद साहमाथि समेत कुटपिट भएको डिएसपी श्रेष्ठले बताए। कुटपिटबाट पूर्व सांसद साहसँगै उनका कामदार राजेन्द्र महतो, ३७ वर्षीय रवि पासवान र ३४ वर्षीय निकेश साह घाइते भए। घाइतेहरूको ईश्वरपुर अमृत हेल्थ केयरमा उपचार भयो। घाइते सांसदको उपचार वैशाख २ गते जनकपुरस्थित प्रादेशिक अस्पतालमा भयो भने थप उचारका लागि सोही दिन काठमाडौँको वीर अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय मलंगवाका एसपी रविन्द्र बहादुर सिंहले बताए। आरोपितहरुविरुद्ध ०८१ वैशाख २५ गते ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भयो। असार २० र २७ गते जिल्ला सरकारी वकिल कार्यालयबाट मुद्दा स्थगित भएको जिल्ला अदालतका सेस्तेदार सदन अधिकारीले बताए।

ईश्वरपुर नगरपालिका-१२ का नेपाल राष्ट्रिय जनता माध्यमिक विद्यालयका शिक्षक ३३ वर्षीय रामदिनेश यादवलाई ०८१ वैशाख २८ गते सोही वडाका नेपाली कांग्रेसका कार्यकर्ता ३४ वर्षीय सविन पाखिनले कुटपिट गरेको भन्दै पीडित शिक्षकले जेठ १३ गते इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। नयाँ वर्ष २०८१ को अवसरमा वैशाख २७ गते ईश्वरपुर नगरपालिका वडा नं १२ का विजय साहीले आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा आरोपित पाखिनले कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की समेत दिएको पीडितको आरोप छ। कुटपिटबाट घाइते भएका यादवको उपचार वैशाख २८ गतेदेखि २९ गतेसम्म ईश्वरपुरस्थित स्थानीय स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार जेठ २ गते वीरगंजको नेशनल अस्पतालमा भयो। उजुरीपश्चात आरोपित फरार रहेको इलाका प्रहरी कार्यालय ईश्वरपुर केशरगञ्जका इन्स्पेक्टर रामप्रवेश यादवले जानकारी दिनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

ईश्वरपुर नगरपालिका-१० का जनता माध्यमिक विद्यालयका शिक्षक ३४ वर्षीय कारीप्रसाद पासवानलाई ०८१ जेठ १८ गते सोही वडाका माओवादी केन्द्रका ईश्वरपुर नगर कमिटिका सदस्य ३४ वर्षीय राजेश कार्कीले कुटपिट गरेको भन्दै पीडितले असार २ गते

इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। ईश्वरपुर नगरपालिका-१० स्थित जनता माध्यमिक विद्यालयको कक्षा कोठामा पठनपाठन भइरहेको छ वा छैन भनी जेठ १८ गते अनुगमन गर्न आएका आरोपित कार्की कक्षा कोठा प्रवेश गरी, केही नबुझी, तिमी किन विद्यालय ढिलो आएको भन्दै विद्यार्थीहरूकै अगाडि एक्कासी कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की पनि दिएको पीडितले बताए। कुटपिटबाट घाइते भएका पासवानको उपचार जेठ १९ गतेदेखि २२ गतेसम्म ईश्वरपुरस्थित स्थानीय स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार जेठ २४ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। उजुरीपश्चात आरोपित कार्की फरार रहेको इलाका प्रहरी कार्यालय ईश्वरपुर केशरगञ्जका इन्स्पेक्टर रामप्रवेश यादवले जानकारी दिनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिनु भयो।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२४)**

| | |
|---|---|
| बलात्कार | ४३ |
| यौन दुर्व्यवहार | ७ |
| बेचबिखन तथा ओसारपसार | ६ |
| बालविवाह | ३ |
| जम्मा | ५९ |

## बाल अधिकार

### बेचबिखन तथा ओसारपसार

**सर्लाही**

नौ वर्षीया बालकलाई बेचबिखन प्रयास गरेका आरोपित बरहथवा नगरपालिका-४ का ३८ वर्षीय विनोदकुमार चौधरी र ४१ वर्षीय सुरजकुमार चौधरीविरुद्ध ०८१ वैशाख ९ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिए। बालकलाई नगद रुपियाँको प्रलोभन देखाई वैशाख ६ गते भारत तर्फ लग्दै गरेको आवस्थामा इलाका प्रहरी कार्यालय बरहथवाको टोलीले सोध पुछका लागि बरहथवा नगरपालिका-१ हजरियामा रोक्न खोज्दा आरोपितहरूले बालकलाई छाडी फरार भएको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले जानकारी दिए। बालकलाई उद्धार गरी सोही दिन अभिभावकको जिम्मा लगाएको र आरोपितहरूको खोज तलास भइरहेको उहाँले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

१५ वर्षीया बालिकालाई बेचबिखन प्रयास गरेको आरोपित विष्णु गाउँपालिका-६ का ३६ वर्षीय प्रभाकर कुमार यादवविरुद्ध पीडित पक्षले ०८१ वैशाख ९ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। सिलाई कटाइ सम्बन्धी रोजगारीको प्रलोभन देखाई वैशाख ४ गते आरोपितले बालिकालाई भारत तर्फ लग्दै गरेको आवस्थामा इलाका प्रहरी कार्यालय सिमराको टोलीले बेचबिखन प्रयास हुन सक्ने आसङ्कामा सोध पुछ गर्न खोज्दा आरोपितले बालिकालाई छाडी प्रहरी हवल्दार सचेन्द्र यादवलाई छुरा देखाई फरार भएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। बालिकालाई उद्धार गरी सोही दिन अभिभावको जिम्मा लगाई र आरोपितको खोन तलास भइरहेको इलाका प्रहरी कार्यालय सिमराका डिएसपी श्रेष्ठले जानकारी दिए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

### बलात्कार, यौनदुर्व्यवहार

**सप्तरी**

१६ वर्षीया बालिकालाई २०८० चैत २१ गते अग्नीसाइर कृष्णसरवरण गाउँपालिका-५ धिमारका २२ वर्षीय निरज सदाले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय कञ्चनरुपमा चैत २८ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण गनासिं अस्पताल राजविराजमा चैत २८ गते भयो। आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

१५ वर्षीया बालिकालाई २०८१ वैशाख १३ गते १६ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडितका हजुरबुबाले इलाका प्रहरी कार्यालय कडरबोनामा जेठ २२ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण सिरहाको लहान नगरपालिका-३ स्थित रामकुमार उमाप्रसाद शारदा

स्मारक अस्पतालमा जेठ २२ गते भयो। घटनापछि बालक फरार रहेका छन्। आरोपितविरुद्ध जिल्ला अदालतबाट जेठ ३१ गते पक्राउ पुर्जी जारी भयो। आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

१४ वर्षीया बालिकालाई २०८१ जेठ १४ गते तिलाठी कोइलाडी गाउँपालिका-८ तोपाका २३ वर्षीय रमेशकुमार यादवले बलात्कार गरेको भन्दै पीडितका २२ वर्षीय दाजुले जिल्ला प्रहरी कार्यालयमा जेठ २२ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्र नारायण सिंह अस्पतालमा जेठ २२ गते भयो। जिल्ला प्रहरी कार्यालयमा जेठ २२ गते उजुरी दर्ता भयो। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गऱ्यो।

१७ वर्षीया बालिकालाई जेठ २९ गते राजविराज नगरपालिका-२ का २० वर्षीय नविनकुमार रायले बलात्कार गरेको भन्दै पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा जेठ ३२ गते उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३२ गते गनासिं अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितलाई आरोपित जेठ ३१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा असार २३ गते अभियोग पत्र दायर भयो। जिल्ला न्यायाधीश तिलक बहादुर कार्कीको इजलाशले असार २४ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई २०८१ असार ४ गते महादेवा गाउँपालिका-४ मनिहार प्रसाहीका २५ वर्षीय शत्रुघन कुमार मुखियाले बलात्कार गरेको भन्दै पीडितका बुबाले जिल्ला प्रहरी कार्यालय असार ७ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गऱ्यो। हालसम्म थुनछेक आदेश भएको छैन्।

## सिरहा

१७ वर्षीया बालिकालाई ०८१ जेठ १ गते बलात्कार गरेको आरोपमा लहान नगरपालिका-९ का २५ वर्षीय विनोदकुमार यादवविरुद्ध पीडित पक्षले जेठ ४ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते लहानस्थित प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डीएसपी विष्णु प्रसाद सोतीले बताए। जिल्ला अदालतको जेठ २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ७ गते बलात्कार गरेको आरोपमा अर्नमा गाउँपालिका-१ का २० वर्षीय रितेश कुमार पालविरुद्ध पीडित पक्षले जेठ ११ गते इलाका प्रहरी कार्यालय गोलबजारमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ ९ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते यौन दुर्व्यवहार गरेको आरोपमा नरहा गाउँपालिका–४ का २० वर्षीय भुल्ला भनिने उमेश महराविरुद्ध पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा ०८१ वैशाख २३ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २३ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी मुक्तिनाथ सापकोटाले बताए।

१६ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा लहान नगरपालिका-५ का १९ वर्षीय मोहमद इर्फानविरुद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ २४ गते प्रादेशिक अस्पताललहानमा भयो। आरोपितलाई जेठ २३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णुप्रसाद सोतीले बताए। जिल्ला अदालतको असार १६ गतेको आदेशले आरोपित ३५ हजार रुपियाँ धरौटीमा रिहा भए।

## धनुषा

नौ वर्षीया बालिकालाई ०८१ जेठ १ गते बालात्कार गरेको आरोपमा धनुषाधाम नगरपालिका-२ मंगलपुरका ३६ वर्षीय चन्द्रदिप साहविरुद्ध पीडित पक्षले जेठ १ गते इलाका प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १ गते प्रादेशिक अस्पतालमा भयो। घटना पश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्स्पेक्टर लामाले बताए।

## महोत्तरी

बौद्धिक अपाङ्गता भएकी १८ वर्षीया युवतीलाई ०८१ वैशाख ३ गते बलात्कार गरेको आरोपमा गौशला नगरपालिका-७ जमुनिया का ५६ वर्षीय गिरीदेव चौधरीविरुद्ध पीडित पक्षले वैशा ३ गते इलाका प्रहरी कार्यालयमा दिए। प्रहरीले आरोपितलाई वैशाख ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ४ गते गौशाला प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार नुतन झाले बताए।

**सर्लाही**

१५ वर्षीया बालिकालाई ०८१ वैशाख १४ गते बलात्कार गरेको आरोपमा कविलासी नगरपालिका-८ का २४ वर्षीय सुरेश पासवानविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलंगवामा वैशाख २४ गते उजुरी दिए। घटना पश्चात आरोपित फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर संगीता पाण्डेले बताए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित हालसम्म फरार छन्।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख ८ गते बलात्कार गरेको आरोपमा मलंगवा नगरपालिका-५ का २४ वर्षीय रविन्द्र खिडहरीविरुद्ध पीडित पक्षले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। घटना पश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर संगीता पाण्डेले बताए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित हालसम्म फरार छन्।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २८ गते बलात्कार गरेको आरोपमा हरिपुर नगरपालिका-४ का २४ वर्षीय गोपालचन्द्र चौधरीविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय हरिपुरमा जेठ ९ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ११ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित फरार रहेकोले इलाका प्रहरी कार्यालय हरिपुरका इन्स्पेक्टर ठाकुर प्रसादले जानकारी दिनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख २४ गते बलात्कार गरेको आरोपमा मलंगवा नगरपालिका-७ का २८ वर्षीय रामकैलास यादवविरुद्ध पीडित पक्षले जेठ ११ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ११ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर सविन कार्कीले जानकारी दिनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

१६ वर्षीया बालिकालाई ०८१ जेठ २ गते बलात्कार गरेको आरोपमा मलंगवा नगरपालिका-२ का २२ वर्षीय सुजित यादव भनिने सुजितकुमार यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलंगवामा जेठ १३ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १३ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित यादव फरार जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको आरोपमा मलंगवा नगरपालिका-४ का २४ वर्षीय अनिल पाण्डेविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

१४ वर्षीया बालिकालाई ०८१ जेठ २६ गते बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका-६ का २८ वर्षीय लिला कार्कीविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय बरहथवामा असार ५ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बानियाले जानकारी बताए।

१३ वर्षीया बालिकालाई जेठ २८ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-४ का २८ वर्षीय संतोष कुमार साहविरुद्ध पीडित पक्षले असार ६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ६ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित साह फरार भएकोले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर रामप्रवेश यादवले बताए।

१५ वर्षीया बालिकालाई जेठ २६ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-८ का २७ वर्षीय दिलिप कुमार क्षेत्रीविरुद्ध पीडित पक्षले असार ६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर रामप्रवेश यादवले बताए।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका-६ का २५ वर्षीय सविन भनिने सविन्द्र कार्कीविरुद्धे पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १७ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित कार्की फरार रहेकोले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बनियाले बताए।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १८ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-८ का

२६ वर्षीय दिनेश थापाविरुद्ध पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १६ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित थापा फरार रहेकोले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर रामप्रवेश यादवले बताए।

१४ वर्षीया बालिकालाई ०८१ जेठ २६ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-४ का २४ वर्षीय महेश कुमार चौधरीविरुद्ध पीडित पक्षले असार १६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १७ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित चौधरी फरार रहेकोले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर रामप्रवेश यादवले बताए।

**रौतहट**

१७ वर्षीया बालिकालाई ०८१ असार ४ गते बलात्कार गरेको आरोपमा कटहरिया नगरपालिका-३ का १८ वर्षीय युवक विरुद्ध पीडितकी आमाले असार ४ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय गरुडाका वरिष्ठ हबल्दार प्रभु पटेलले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते प्रादेशिक अस्पताल गौरमा भयो।

१७ वर्षीया बालिकालाई ०८१ जेठ १३ गते बलात्कार गरेको आरोपमा गरुडा नगरपालिका-५ महम्मदपुर का ५० वर्षीय जयाराम पण्डित कुम्हारविरुद्ध पीडितकी आमाले जेठ १३ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। घटनापश्चात् आरोपित फरार रहेकोले खोजि कार्य भइरहेको इलाका प्रहरि कार्यालय गरुडा वरिष्ठ हबल्दार प्रभु पटेलले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १३ गते प्रादेशिक अस्पताल गौरमा भयो।

१७ वर्षीया बालिकालाई ०८१ असार ५ गते बलात्कार गरेको आरोपमा माधवनारायाण नगरपालिका-५ का २० वर्षीय रितिक रौशन रामविरुद्ध पीडितकी आमाले असार ५ गते आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार ९ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतका न्यायधीश केदारनाथ पौडेलको साउन ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई यमुनामाई बलात्कार २०८० चैत २७ गते गरेको आरोपमा गाउँपालिका-२ का २८ वर्षीय शेख सालिमविरुद्ध पीडित बालिकाकी आमाले २०८१ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैसाख २१ गते प्रादेशिक अस्पताल गौरमा भयो। घटनापश्चात् आरोपित हाल सम्म फरार रहेका छन्।

आठ वर्षीया बालिकालाई २०८१ वैशाख २४ गते बलात्कार गरेको आरोपमा गौर नगरपालिका-३ का २७ वर्षीय राजन झाविरुद्ध पीडितकी आमाले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते प्रादेशिक अस्पताल गौरमा भयो। आरोपित हाल सम्म फरार रहेकोले खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उमाशङ्खर गुप्ताले बताए।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख १४ गते बलात्कार गरेको आरोपमा ३५ वर्षीय बाबुविरुद्ध पीडितकी आमाले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको फैसला भएको छैन।

१७ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते अपहरण गरी पटक पटक बलात्कार गरेको आरोपमा बृन्दाबन नगरपालिका-२ का २५ वर्षीय भरत साह कानु र २२ वर्षीय बचन राउतविरुद्ध पीडित पक्षले जेठ १६ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिए। आरोपितले बालिकालाई जबरजस्ती मोटरसाइकलमा राखी गढिमाइ नगरपालिका-४ सुन्दरपुर भनिने गाउँमा लगेर घरमा बन्धक बनाई बलात्कार गरेको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। जिल्ला अदालतको असार १० गतेको आदेशले आरोपित भरतलाई पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपित बचन राउत हालसम्म फरार रहेका छन्।

आठ वर्षीया बालिकालाई ०८१ वैशाख २४ गते बलात्कार गरेको भन्दै गौर नगरपालिका-५ का २८ वर्षीय राजन झाविरुद्ध पीडित पक्षले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतको जेठ ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म

मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १७ गते बलात्कार गरेको आरोपमा ४० वर्षीय बुबाविरुद्ध पीडितकी आमाले इलाका प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई वैशाख १७ गते इलाका प्रहरी कार्यलय चन्द्रनिगाहपुरले गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते चन्द्रपुर अस्पतालमा भयो। जिल्ला अदालतको जेठ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया बालिकालाई ०८० चैत १२ गते बलात्कार गरेको भन्दै सर्लाही जिल्ला बागमति नगरपालिका-९ घर भएका २६ वर्षीय मन्जु महराविरुद्ध पीडितले चैत १४ गते जिला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत १४ गते प्रदेशिक अस्पताल गौरमा भयो। प्रहरीले आरोपितलाई चैत १४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको चैत २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यलयका इन्स्पेक्ट उमाशङ्कर गुप्ताले बताए। हालसम्म मुद्दाको फैसला भएन।

१२ वर्षीया बालिकालाई ०८० चैत १५ गते बलात्कार गरेको भन्दै गौर नगरपालिका-३ का ३० वर्षीय तखिन्द्र साह कानुविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १६ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतको चैत २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हालसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई ०८१ असार २ गते यौन दुर्व्यवहार गरेको आरोपमा चन्द्रपुर नगरपालिका-८ बेतनाका २५ वर्षीय सुदिप विकविरुद्ध पीडित पक्षले असार ३ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ३ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण असार ३ गते चन्द्रपुर सरकारी अस्पताल चन्द्रनिगाहपुरमा भयो। जिल्ला अदालतको असार २३ गतेको आदेशले आरोपितलाई ७ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

१० वर्षीया बालिकालाई ०८१ जेठ १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा चन्द्रपुर नगरपालिका-६ तल्लो बजारका ४० वर्षीय मनोज गुप्ताविरुद्ध पीडित पक्षले जेठ १९ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले गिरफ्तार जेठ १९ गते गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २० गते चन्द्रपुर अस्पताल चन्द्रपुरमा भयो। जिल्ला अदालतको असार ६ गतेको आदेशमा आरोपित १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा भए। मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा चन्द्रपुर नगरपालिका-१० बाल्चनपुरका २८ वर्षीय दिनेश सहनीविरुद्ध पीडित पक्षले जेठ ४ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिए। पीडितको स्वस्थ्य परीक्षण चन्द्रपुर सरकारी अस्पतालमा जेठ ४ गते भयो। घटना पश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालयले जनायो।

### बारा

१० वर्षीया बालिकालाई ०८० चैत २६ गते बलात्कार गरेको आरोपमा ३५ वर्षीय बुबाविरुद्ध पीडितकी आमाले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत २६ गते प्रादेशिक अस्पताल कलैयामा भयो। जिल्ला प्रहरी कार्यालयले आरोपितलाई चैत २८ गते घरमा बसिरहेको अवश्थामा गिरफ्तार गरेको सव इन्पिेक्टर कमलेश कुमार यादवले बताए। आरोपितविरुद्ध जिल्ला अदालतमा वैशाख २३ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतको ०८१ वैशाख २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### पर्सा

१३ वर्षीया बालिकालाई ०८१ वैशाख २२ गते राति बलात्कार गरेको भन्दै कालिकामाई गाउँपालिका-३ हरिहरपुर बिर्ताका ५० वर्षीय बनारसी महतो केवटविरुद्ध पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २८ गते वीरगंजस्थित नारायणी अस्पताल भयो। उजुरी पश्चात आरोतिप फरार भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुमार विक्रम थापाले बतए। आरोपित हालसम्म फरार छन्।

## कुटपिट

### धनुषा

१३ वर्षीय बालकलाई ०८१ असार १ गते जनकपुरधाम उपमहानगरपालिका-८ स्थित बलवा प्रहरी चौकीका २५ वर्षीय प्रहरी जवान विवेक झाले कुटपिट गरेको आरोपमा पीडित पक्षले ०८१ असार २ गते जिल्ला प्रहरी कार्यालय अन्तरगत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र धनुषामा उजुरी दिए। पीडित अन्य

साथीहरूसँग बलवा प्रहरी चौकी छेउमा क्रिकेट खेल्दै गर्दा आरोपित जवान आफू पनि खेल्ने भन्दै समूहमा सामेल भए। खेल्ने क्रममा क्रिकेट बल हराएपछि पीडित बालकले प्रहरी जवानसँग नयाँ बल माग्दा आरोपित जवानले कुटपिट गरेका थिए। कुटपिटका कारण पीडित बालकको दुई ओटै गाला र टाउकोमा चोट लागेको थियो। पीडितको उपचार असार २ गते जनकपुरधामस्थित एड्भान्स सिटी स्क्यान एण्ड डाइग्नोस्टिक सेन्टरमा भयो। आरोपित प्रहरी जवान झालाई जिल्ला प्रहरी कार्यालयमा हिरासत कक्षमा राखी थप अनुसन्धान गरिरहेको बलवा प्रहरी चौकीका असई मेहीलाल राउतले बताउनु भयो।

## बाल विवाह

### सप्तरी

बोदे बर्साइन नगरपालिका-९ सिमरा टोलकी बालिकासँग आफ्नो नाबालक छोराको विवाह गर्न खोजेको आरोपमा सुरुङ्गा नगरपालिका-३ दौलतपुरकी ४२ वर्षीया बेल्हीवाली भनिने श्यामदेबी मण्डल २०८१ असार ४ गते गिरफ्तार भएकी छिन्। खडक नगरपालिका-२ बेल्ही टोलस्थित माइतीघरबाट बालक छोरालाई बेहुला बनाई बाजागाजासहित जन्ती पठाइरहेका बेला पुगेको प्रहरी टोलीले श्यामदेवीलाई गिरफ्तार गरेको हो। जन्ती लिएर हिँडेका बेहुला बालक भने गिरफ्तारीको डरले फरार भएका छन्। आरोपितविरुद्ध सुरुङ्गा नगरपालिकाको कार्यालयले असार ४ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दियो। सई मंगनु दासको प्रतिवेदन समेतमा इलाका प्रहरी कार्यालय कडरबोनाले उजुरी दर्ता गरेको छ। जिल्ला अदालतमा असार १८ गते अभियोग पत्र दायर भयो। न्यायाधीश दीपककुमार दाहालको इजलाशले असार २० गते आरोपित धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भइन्। हालसम्म फैसला भएको छैन्।

१४ वर्षीया बालिकालाई २०८१ जेठ १७ गते राजविराज नगरपालिका-१६ का ३४ वर्षीय श्यामकुमार यादवले बलात्कार गरेको भन्दै पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा जेठ १८ गते उजुरी दिइन्। हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदहस्थित कंकालिनी मन्दिरमा जेठ १७ गते आरोपितले बालिकासँग विवाह गरेका थिए। सामाजिक सञ्जाल फेसबुकमार्फत विवाह गरेको भिडिओ राखेपछि थाहा पाएका पीडितका परिवारका सदस्यहरुले जिल्ला प्रहरी कार्यालयमा सो बारे जानकारी गराएका थिए। प्रहरीले खोजतलाश गरी आरोपित र पीडित बालिकालाई नियन्त्रणमा लिई जेठ १८ गते जिल्ला प्रहरी कार्यालय ल्यायो। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा जेठ १८ गते भयो। गिरफ्तार आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०८१ जेठ २० गते बलात्कारको उजुरी दर्ता भयो। पीडितकै घरमा ज्याला मजदुरी गर्ने आरोपित विवाहित हुन्। जिल्ला अदालतमा असार १० गते अभियोग पत्र दायर भयो। न्यायाधीश संजिब पोखरेलको इजलाशले आरोपित असार ११ गते पुर्पक्षका लागि कारागारमा थुनामा छन्।हालसम्म फैसला भएको छैन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

### सप्तरी

१८ वर्षीया बालिका तथा २८, ३०, ३५ र ३५ वर्षीया महिला गरी पाँच जनालाई २०८१ जेठ २८ गते राजविराज नगरपालिका-८ स्थित लक्ष्मी गेस्ट हाउसका सञ्चालक रुपनी गाउँपालिका-१ की ४० वर्षीया रामप्यारी मुखियाले वेश्यावृत्तिमा लगाई आर्थिक लाभ लिइरहेको भन्दै असई हरेन्द्र प्रसाद यादवले जिल्ला प्रहरी कार्यालयमा प्रतिवेदन दिए। जिल्ला प्रहरी कार्यालयले जेठ २८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयमा आरोपितविरुद्ध मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अन्तर्गतको कसुरमा जेठ २९ गते उजुरी दर्ता भयो। पत्रकारको पहल र स्थानीयवासीको रोहवरमा जेठ २८ गते प्रहरी टोलीले खानतलाशी गर्दा पाँच ओटा बेड विस्तरासहितको कोठामा बालिका र महिलाहरू लुकेर बसेको, प्रयोग भएको र हुन बाँकी कण्डमहरू फेला परेको थियो। जिल्ला अदालतमा असार १९ गते अभियोगपत्र दायर भयो। न्यायाधीश नविनकुमार जोशीको इजलाशले असार २० गतेदेखि आरोपित पुर्पक्षका लागि कारगारमा थुनामा छन्। हालसम्म फैसला भएको छैन्।

## बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### सप्तरी

४१ वर्षीया महिलालाई २०८१ जेठ १९ गते बिहान बलात्कार गरेको भन्दै डाक्नेश्वरी नगरपालिका-१० का ४० वर्षीय सकलदेब यादवविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय कल्याणपुरमा जेठ १९ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण गनासिं अस्पताल राजविराजमा जेठ १९ गते भयो। इलाका प्रहरी कार्यालय कल्याणपुरमा जेठ १९ गते उजुरी दर्ता भयो। जिल्ला अदालतमा असार ११ गते अभियोग पत्र दायर भएकोमा न्यायाधीश नवीनकुमार जोशीको इजलाशले असार १२ गतेदेखि

आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। हालसम्म फैसला भएको छैन्।

महादेवा गाउँपालिका-१ चिम्टीमा सञ्चालित स्नेह केन्द्र (महिला मैत्री सुरक्षित स्थल) मा कार्यरत महिला कर्मचारी मनोविमर्शकर्ताहरुलाई २०८१ असार ९ गते मध्यराति सोही ठाउँस्थित सरदार टोलका २५ वर्षीय इनर सरदार, २५ वर्षीय अर्जुन सरदार, १९ वर्षीय किशोर सरदार र १८ वर्षीय रामचरण सरदारले यौनजन्य दुर्व्यवहार गरेको भन्दै पीडितहरुले जिल्ला प्रहरी कार्यालयमा असार १० गते उजुरी गरे। आगलागी पीडित र प्रभावित गर्भवती, सुत्केरी, किशोरी, बालबालिका तथा ज्येष्ठ नागरिकमाथि हुने लैं क हिंसा जोखिम न्यूनीकरणका लागि स्थापना भएको स्नेह केन्द्रको ढोकामा आरोपितहरुले खुट्टाले हिर्काउँदै कार्यरत मनोविमर्शकर्ताहरुलाई अश्लिल र अपमानजनक भाषा प्रयोग गरी ढोका खोल्न दवाव दिएको, मौखिक यौनजन्य दुर्व्यवहार गर्दै इच्छाविरुद्धको यौनजन्य प्रस्तावहरु राखेको पीडितहरुले बताए। प्रहरी चौकी बथनाहाबाट तत्कालै पुगेका दुई प्रहरीलाई समेत आरोपितहरुले आक्रमण गरेपछि जिल्ला प्रहरी कार्यालयबाट पुगेको टोलीले पीडितहरुलाई सुरक्षा दिएका थिए। स्नेह केन्द्रले असार १२ गते जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षाका लागि निवेदन दियो भने असार १४ गते जिल्ला प्रहरी कार्यालयमा आरोपितहरुविरुद्ध लिखित उजुरी दियो। जिल्ला प्रहरी कार्यालयमा असार १६ गते उजुरी दर्ता भयो। आरोपितहरु हालसम्म गिरफ्तार भएका छैनन्।

सुरुङ्गा नगरपालिका-७ की १९ वर्षीया युवतीलाई ०८१ जेठ २ गते बलात्कार प्रयास गरेको भन्दै विष्णुपुर गाउँपालिका-७ का २१ वर्षीय परमानन्द साहविरुद्ध पीडितले जेठ ३ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण जेठ ३ गते गनासिं अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितलाई जेठ ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा जेठ २७ गते अभियोग पत्र दायर भयो। न्यायाधीश नविनकुमार जोशीको जेठ २८ गतेको इजलाशले आरोपित धरौटीमा रिहा भए। हालसम्म फैसला भएको छैन्।

**महोत्तरी**

२० वर्षीया महिला विभा कुमारी मण्डललाई ०८१ जेठ ८ गते बलात्कार गरेको आरोपमा गौशाला नगरपालिका-१० थापा गाउँका २५ वर्षीय अनुरुध महतोविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय गौशालामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २२ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो।

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२४)

| | |
|---|---|
| बलात्कार | ११ |
| घरेलु हिंसा | ५९४ |
| यौनदुर्व्यवहार | ४ |
| बलात्कार प्रयास | १६ |
| बेचबिखन तथा ओसारपसार | ४ |
| बहुविवाह | ४ |
| 'बोक्सी'को आरोप | ८ |
| जम्मा | ६४१ |

उजुरीपश्चात आरोपित फरार भएको इन्स्पेक्टर रानामगरले बताए। आरोपित हालसम्म फरार छन्।

४४ वर्षीया महिलालाई ०८१ जेठ २७ गते बलात्कार गरेको आरोपमा बारा जिल्ला जीतपुर सिमरा उपमहानगरपालिका-१५ स्थायी घर भई हाल बर्दिबास नगरपालिका-२ चर्चटोल बस्दै आएका २६ वर्षीय अर्जुन भनिने रमेश विश्वकर्माविरुद्ध पीडित पक्षले जेठ ३२ गते इलाका प्रहरी कार्यालय गौशालामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २२ गते प्रादेशिक अस्पताल

जलेश्वरमा भयो। आरोपितलाई प्रहरीले रौतहटको चन्द्रपुर नगरपालिका-८ सन्तपुरबाट असार १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायधीश कोशलेश्वर ज्ञवालीको साउन १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८१ जेठ ४ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-८ का २८ वर्षीय माखे भनिने महेश चौधरी थारुविरुद्ध इलाका प्रहरी कार्यालय केशरगंजमा जेठ ३० गते पीडित पक्षले उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ३१ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापछि आरोपित थारु फरार भएको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर सविन कार्कीले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

१८ वर्षीया युवतीलाई ०८१ जेठ २१ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-९ का २८ वर्षीय भुन्टे भनिने नविन पाखिनविरुद्ध पीडित पक्षले असार २ गते इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार २ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जका इन्स्पेक्टर रामप्रवेश यादवले बताए। आरोपित हालसम्म फरार छन्।

**सर्लाही**

३९ वर्षीया महिलालाई ०८१ जेठ २ गते बलात्कार प्रयास गरेको आरोपमा हरिपुर नगरपालिका-५ का ३७ वर्षीय सुकिरा चौधरीविरुद्ध पीडित पक्षले ०८१ जेठ २८ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २९ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

३८ वर्षीया महिलालाई ०८१ जेठ २२ गते बलात्कार प्रयास गरेको आरोपमा बलरा नगरपालिका-४ का ३७ वर्षीय दिपेन्द्र कुमार यादवविरुद्ध पीडित पक्षले असार ४ गते इलाका प्रहरी कार्यालय गडहियामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय गडहियाका इन्स्पेक्टर सुवास यादवले बताए।

३४ वर्षीया महिलालाई ०८१ जेठ २४ गते बलात्कार प्रयास गरेको आरोपमा बलरा नगरपालिका-३ का ३६ वर्षीय आदित्य कुमार सिंहविरुद्ध पीडित पक्षले असार ४ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ४ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

**रौतहट**

२० वर्षीया महिलालाई ०८१ जेठ २६ गते बलात्कार गरेको आरोपमा राजपुर नगरपालिका-२ का ५५ वर्षीय खेसाइत खान पैठानविरुद्ध पीडितकी आमाले जेठ २८ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। आरोपित हालसम्म फरार रहेकोले खोजि कार्य भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका वरिष्ठ हबल्दार प्रभु पटेलले बताए। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते प्रादेशिक अस्पताल गौरमा भयो। आरोपित हालसम्म फरार छन्।

३० वर्षीया महिलालाई ०८० चैत २० गते बलात्कार गरेको भन्दै परोहा नगरपालिका-३ का ३५ वर्षीय अगुवा भनिने जितेन्द्र साह कानुविरुद्ध पीडित पक्षले चैत २० गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत २० गते गिरफ्ता गऱ्यो। पीडितको स्वस्थ्य परिक्षण चैत २० गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको फैसला भएको छैन।

२५ वर्षीया महिलालाई ०८० चैत १९ गते बलात्कार गरेको भन्दै चन्द्रपुर नगरपालिका-४ का २८ वर्षीय सलाउद्दिन मियाँ मन्सुरीविरुद्ध पीडितले चैत २१ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण चैत २१ गते प्रादेशिक अस्पताल गौरमा भयो। आरोपित हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी एलिजा गिरीले बताइन्।

२० वर्षीया युवतीलाई ०८० चैत २५ गते बलात्कार गरेको भन्दै राजदेवी नगरपालिका-३ का २५ वर्षीय दिपेन्द्र दासविरुद्ध पीडितले ०८१ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्या परीक्षण वैशाख २१ गते प्रादेशिक अस्पताल गौरमा भयो। घटनापश्चात आरोपित फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उमाशङ्कर गुप्ताले बताए।

**सिरहा**

२२ वर्षीया सुस्तमनिस्थीती भएकी युवतीलाई

०८१ असार १ गते बलात्कार बलात्कार प्रयास गरेको आरोपमा धनगढीमाई नगरपालिका-१२ का ५० वर्षीय हेमबहादुर तामा  विरुद्ध पीडितले इलाका प्रहरी कार्यालय लहानमा असार २ गते उजुरी दिइन्। इलाका प्रहरी कार्यालय लहानले आरोपितलाई असार २ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण असार २ गते लहानस्थित प्रादेशिक अस्पतालमा भयो।

## सामाजिक सञ्जाल मार्फत चरित्र हत्या

**धनुषा**

५० वर्षीया महिलाले धनुषाधाम नगरपालिका-९ की ४२ वर्षीय जोगी महतो र उनको २२ वर्षीया छोरी ज्योति महतोविरुद्ध ०८१ असार ४ गते जिल्ला प्रहरी कार्यालय अन्तरगत महिला बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिइन्। "आरोपितले मोबाइलले फोटो खिचेर अश्लील गीतमा राखी सामाजिक सञ्जालमा अपलोड गरेको" पीडितले बताइन्। आरोपितले यसअघि पनि यस्तै कार्य गरेको र ०८० पुस ११ गते स्थानीय प्रहरी चौकी नौसयबिघामा चरित्र हत्या हुने गतिविधि नगर्ने भनी मिलापत्र समेत भएको पीडितले बताइन्। यस विषयमा दुवै पक्षलाई बोलाई सत्य तथ्य बुझी र घटना बारे थप अनुसन्धान गरी दोषी ठहर भए आरोपितहरूविरुद्ध कारबाही प्रक्रिया अगाडि बढाउने महिला बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी जवान सिमृत चौधरीले जानकारी दिए।

## "बोक्सी"को आरोप

**सर्लाही**

बरहथवा नगरपालिका-८ की ४४ वर्षीया सरिका दिवानीलाई ०८१ वैशाख २ गतेसोही ठाउँका ३७ वर्षीय अक्लु भनिने अनिकेश यादवले 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै पीडितले आरोपित विरुद्ध इलाका प्रहरी कार्यालय बरहथवामा वैशाख ९ गते उजुरी दिइन्। पीडितको उपचार वैशाख २ गतेदेखि ४ गतेसम्म प्रादेशिक अस्पताल मलंगवामा भयो। घाउजाँच पुन: वैशाख ९ गते भएको पीडितले बताइन्। आरोपित हालसम्म फरार रहेको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी दिपक श्रेष्ठले बताए।

गोडैता नगरपालिका-१० सिसौटिया की ४१ वर्षीया राजो देवी खत्बेलाई ०८० चैत २६ गते सोही ठाउँका ३७ वर्षीय रामविनय कुमार यादवले 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै पीडितले आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालय मलंगवामा ०८१ वैशाख ९ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य उपचार चैत २७ गतेदेखि ३० गतेसम्म प्रादेशिक अस्पताल मलंगवामा भयो। घाउजाँच पुन: ०८१ वैशाख ९ गते भएको पीडितले बताउनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

मलंगवा नगरपालिका-७ मुसैलीकी ४३ वर्षीया सुवैना देवी यादव र उहाँकी छोरी २२ वर्षीया रमिता यादवलाई ०८१ जेठ २ गते 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै सोही ठाउँका ३७ वर्षीय भरोसी यादव र २४ वर्षीय दिलिपकुमार यादवविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय मलंगवामा जेठ ११ गते उजुरी दिइन्। पीडितहरूको स्वास्थ्य उपचार जेठ ३ गतेदेखि ६ गतेसम्म प्रादेशिक अस्पताल मलंगवामा भयो। घाउजाँच पुन: जेठ ११ गते भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

मलंगवा नगरपालिका-७ मुसैलीकी ४४ वर्षीया बबिता देवी यादव र उहाँकी छोरी १८ वर्षीया सविता कुमारी यादवलाई ०८१ जेठ २४ गते 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै सोही ठाउँका ३४ वर्षीय मोहम्द अन्सारी र २६ वर्षीय नेमत मन्सुरीविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय मलंगवामा असार २ गते उजुरी दिइन्। पीडितहरूको स्वास्थ्य उपचार जेठ २६ गतेदेखि २८ गतेसम्म र घाउजाँच पुन: असार २ गते प्रादेशिक अस्पताल मलंगवामा भएको पीडित पक्षले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

## दाइजोको कारण कुटपिट

**सप्तरी**

खडक नगरपालिका-१० फुलबडियाकी २० वर्षीया रोशन खातुनसँग २०८० चैत २६ गते राति उनका पति २३ वर्षीय नसरुद्धिन रायन, देवर १३ वर्षीय मो. अमिर, सासु ४२ वर्षीया मोहुरन जहुरन भनिने महुरन खातुन र खडक नगरपालिका-९ लालपट्टीका ५५ वर्षीय मो. ईसराईल भनिने इसराइल मियाँले दाइजो माग्दै कुटपिट गरेर इलाका प्रहरी कार्यालय कल्याणपुरमा वैशाख १३ गते उजुरी दिइन्। इलाका प्रहरी कार्यालय कल्याणमा विवाह लेनदेन सम्बन्धी कसुरमा वैशाख १४ गते उजुरी दर्ता भयो। पीडित र आरोपित नसरुद्धिन रायनबीच ०८० साउन २८ गते विवाह भएको थियो। विवाहमा दाइजो स्वरुप पल्सर मोटरसाइकल, बक्स पलंग, फ्रिज, भाँडाकुँडा नगदसहित १० लाख ७५ हजारको समान दाइजो लिएकोमा आरोपितहरुले थप ५ लाख रुपियाँ माग गरी कुटपिट गर्दै आएको पीडितले बताइन्। आरोपितहरुले कुटपिट गर्दा घाइते भएकी पीडितको अस्पतालमा उपचार पश्चात चैत २८ गते डिस्चार्ज भइन्। उपचारका लागि पैसा नभएपछि

उनले खडक नगरपालिका-९ मैनासहश्रबाहुस्थित माइती घरमा शरण लिएकी छिन्। आरोपित महरुन वैशाख १४ गते गिरफ्तार भइन्। जिल्ला अदालतमा ०८१ जेठ ७ गते अभियोग पत्र दायर भयो। न्यायाधीश तिलकबहादुर कार्कीको इजलाशले २०८१ जेठ ८ गते महरुन ५० हजार रुपियाँ धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भइन्। न्यायाधीश संजिब पोखरेलको इजलाशमा जेठ २१ आरोपित धरौटीमा रिहा भए। न्यायाधीश तिलक बहादुर कार्कीको इजलाशमा जेठ २३ गते आरोपित धरौटीमा रिहा भए। न्यायाधीश दीपक कुमार दाहालको इजलाशमा जेठ २८ गते बिज्याईकर्ता अमिर संरक्षकको जिम्मामा रिहा भए।हालसम्म फैसला भएको छैन्।

## गाउँनिकाला

### सप्तरी

सुरुङ्गा नगरपालिका-७ हरिपुरकी ४५ वर्षीया महिलालाई उनका ४२ वर्षीय देवरसँग २०८१ जेठ १३ गते जबर्जस्ती विवाह गराई गाउँनिकाला गरिएको छ । उनीहरूलाई अनैतिक सम्बन्धको आंशकामा पञ्चायती बसी गाउँ निकाला गरिएको स्थानीयवासीले बताए। देवर र भाउजूलाई चैत १२ गते फागु पूर्णिमाका दिन एउटै कोठामा देखेपछि गाउँलेले रातभर उनीहरुलाई बाँधेर राखेका थिए । नातिनातिना समेत रहेकी महिलाका पति र दुवै छोरा रोजगारीका लागि विदेशमा छन् । गाउँको पञ्चायतीले दुवैको विवाह गराएर गाउँ निकाला गर्ने निर्णय भएअनुसार गाउँलेहरुको बीचमा देवरलाई भाउजू नाता पर्ने महिलाको सिउँदोमा सिन्दुर हाल्न लगाइएको थियो । पञ्चायती बसेकै वेला गाउँलेहरुबाट घेरिएर बसेकी महिलाको सिउँदोमा देवरले सिन्दुर हालिरहेको भिडियो सामाजिक सञ्जालमा समेत राखिएको छ। सार्वजनिक भिडिओमा महिला बसेर रोइरहेकी देखिन्छिन् भने देवर भनिएका व्यक्तिलाई गाउँलेहरुले दवाव दिई सिन्दुर हाल्न लगाएको देखिन्छ। गाउँलेहरुले देवरलाई व्यङ्ग्यस्वरुप दोसल्ला लगाएका छन्। महिलाले रुँदै सिन्दुर पुछेकी छिन्। गाउँलेहरुकै निर्देशनमा देवरले हातमा समातेर महिलालाई लिएर गएपछि दुवैजना सम्पर्कविहीन छन् । गाउँ निकाला गरिएका देवरको समेत पत्नी र दुई नाबालक सन्तान छन् । हालसम्म घटनाको अनुसन्धान भएको छैन्।

## परिवारजनबाट हत्या

### सप्तरी

सप्तकोशी नगरपालिका-३ नयाँवस्ती (मुसहरी टोल) का ६५ वर्षीय हिराइ सदालाई उनकै छोरा २४ वर्षीय लालदेव सदाले २०८१ चैत ७ गते घाँटीमा बञ्चरो प्रहार गरी हत्या गरेको भन्दै अरुण सदाले चैत ७ गते इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिए। छिमेकीलाई कुटपिट गरी टाउको फुटाएको आरोपमा चैत ५ गते ईलाका प्रहरी कार्यालय कञ्चनरुपको हिरासतमा रहेका लालदेव चैत ६ गते मात्रै रिहा भएर घर गएका थिए। करिब २४ घण्टा प्रहरी हिरासतमा रहेर छुटेका आरोपितलाई छिमेकीहरुसँग झैझगडा नगर्न र मिलेर बस्न भनी सम्झाउँदा आवेशमा आएर बञ्चरो प्रहार गरेर हत्या गरेका हुन्। बुबालाई बञ्चरोले प्रहार गरेपछि आरोपितले ठुलो बुबा दर्शन सदालाई समेत आक्रमण गरेर घाइते बनाए। घाइते दर्शनको सप्तकोशी नगरपालिकाको फतेपुरस्थित स्थानीय अस्पतालमा उपचार भयो। प्रहरले आरोपित लालदेव बञ्चरोसहित चैत ७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतमा चैत २३ गते अभियोग पत्र दायर भयो। जिल्ला अदालतका न्यायाधीश उद्वीर नेपालीको चैत २४ गतेको इजलाशले आरोपितलाई पुपर्क्षका लागि थुनामा पठायो। हालसम्म फैसला भएको छैन्।

### सिरहा

गोलबजार नगरपालिका-१० का ५२ वर्षीय चन्दर यादवलाई उनका छोरा २४ वर्षीय जितेन्द्र यादवले घरायसी विवादका कारण कुटपिट गरी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय गोलबजारले ०८१ वैशाख २१ गते गिरफ्तार गर्‍यो। पीडित परिवारका अनुसार वैशाख १८ गते घरायसी विवाद हुँदा आरोपितले बुबालाई कुटपिट गरी घाइते बनाएको र उनलाई उपचारको लागि बिराटनगरस्थित न्यूरो अस्पताल लगिए पनि उपचारको क्रममा वैशाख २१ गते मृत्यु भयो। कुटपिटका कारण पतिको मृत्यु भएको भन्दै कारबाहीको लागि इलाका प्रहरी कार्यालय गोलबजारमा वैशाख २१ गते उजुरी दिएको मृतककी पत्नी पार्वती देवी यादवले बताइन्। शवको पोष्टमार्टम बिराटनगरस्थित कोशी अस्पतालमा वैशाख २१ गते भयो। इलाका प्रहरी कार्यालय गोलबजारका इन्सपेक्टर सुनिल कार्कीका अनुसार घरायसी विवाद हुँदा आरोपितले कुटपिट गरी घाइते बनाएको जानकारी हुनासाथ आरोपितलाई गिरफतार गरी कारबाही प्रक्रिया अगाडि बढाएको बताउनु भयो।

### महोत्तरी

औरही नगरपालिका-४ कबिलासा की ५० वर्षीया रितादेवी यादवलाई ०८१ असार १२ गते हत्या गरेको आरोपमा सोही दिन प्रहरीले उनका देवर ४५ वर्षीय रामरतन यादवलाई गिरफ्तार गर्‍यो। घर बनाउने

विषयमा विवाद हुँदा देवरले भाउजुमाथि कोदालो प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। कोदालो प्रहारबाट गम्भीर घाइते भएकी रितादेवीलाई सोही दिन उपचारको लागि रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमी अस्पताल लगिएकोमा चिकित्सकले मृत्यु घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सन्तुलालप्रसाद जयसवारले बताए। शवको पोष्टमार्टम असार १२ गते प्रदेशिक अस्पताल जलेश्वरमा भयो। आरोपितविरुद्ध साउन ६ गते जिल्ला अदालत महोत्तरी मुद्दा दर्ता भयो भने जिल्ला अदालतको साउन ७ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार नुतन झाले बताउनु भयो।

**पर्सा**

बहुदरमाई नगरपालिका-३ नगरदाहाकी २४ वर्षीया निशा भनिने बसन्ती कुमारी साहको हत्या गरेको आरोपमा पति २५ वर्षीय इनरजित भनिने इन्द्रजित साह गोढ र इन्द्रजितका बाजे ६० वर्षीय मंसि साहविरुद्ध पीडित पक्षले ०८१ वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। “तीन महिनाको गर्भवती समेत रहेकी निशालाई वैशाख १ गते लात्ती र मुक्का प्रहार गरी आरोपितहरूले कुटपिट गरे। कुटपिटका कारण घाइते भएकी निशालाई उपचारको लागि वीरगञ्जस्थित अस्पताल लग्ने क्रममा बाटोमा मृत्यु भएको”-मृतकका बुबा सखुवा प्रसौनी गाउँपालिका-२ सखुवा जमुनियाका ५२ वर्षीय हिरालाल साह बताउनु भयो। छोरीलाई उनका परिवाजनले नियोजित ढङ्गले हत्या गरेको पीडित बुबाको आरोप छ। त्यस्तै “आफूहरू घटना भएकै दिन आरोपितहरू विरुद्ध प्रहरीमा उजुरी दिएपनि प्रहरीले आरोपतिहरूलाई गिरफ्तार नगरेको पीडित पक्षले वैशाख ४ गते वीरगंजमा पत्रकार सम्मेलन मार्फत बताए। यता मृतकका पतिका अनुसार वैशाख १ गते अचानक पेट दुखेर बेहोस भएकी निशालाई उपचारको लागि अस्पताल लग्ने क्रममा उनको मृत्यु भएको बताए। आफूले वा आफ्नो परिवारको कसैले पनि निशालाई कुटपिट नगरेको उनले बताए। शवको पोष्टमार्टम सोही दिन वीरगंजस्थित नारायणी अस्पतालमा भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुमार बिक्रम थापाले जानकारी दिए। उजुरी पश्चात आरोपितहरु फरार रहेको डिएसपी थापाले बताए। आरोपितहरु हालसम्म फरार छन्।

## सबैप्रकारका जातीय विभेद

**सर्लाही**

कौडेना गाउँपालिका-७ सक्रौलका ३७ वर्षीय रामविश्वास महरा चमारमाथि ०८० चैत २९ गते जातीय विभेद गरेको आरोपमा सोही वडाका ४८ वर्षीय सुर्यकान्त यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यलय मलंगवामा ०८१ वैशाख १० गते उजुरी दिए। कौडेना गाउँपालिका-८ स्थित सक्रौल गाउँदेखि उत्तर तर्फ रहेको नदीमा पीडितले आफ्नो भैसीलाई पानी खुवाइरहेको बेला आरोपितले “तँ पानीबाट भैसीलाई लिएर बाहिर आइज, तँ चमार, तँ दलित” भनी जातीय विभेद तथा छुवाछुत जस्तो अमानवीय व्यवहार गर्नुको साथै कुटपिट समेत गरेको पीडितले आरोप लगाए। पीडितको घाउ जाँच सर्लाही जिल्ला अस्पताल मलंगवामा वैशाख ११ गते भएको डा. नवलकिशोर झाले बताए। घटना पश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिनु भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले बताए।

ब्रहमपुरी गाउँपालिका-४ का १८ वर्षीय दिपक कुमार राममाथि जातीय विभेद तथा कुटपिट गरेको आरोपमा सोही ठाउँका ३६ वर्षीय विलास राय यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलंगवामा ०८१ असार ४ गते उजुरी दिए। ब्रहमपुरी गाउँपालिका-४ ब्रहमपुरी चौकस्थित आरोपितले सञ्चालन गर्दै आएको दुध पसलमा जेठ २४ गते दुध खरिद गर्न आएका पीडित काउन्टरमा बसेकोले आरोपितले पीडितलाई गालिगलौज गर्नुका साथै “तँ यहाँ तल बस, दलित” भनी दुर्व्यवहार तथा जातीय विभेद गरी अमानवीय व्यवहार गरेको पीडितका बुबाले बताए। पीडितको घाउजाँच जिल्ला अस्पताल मलंगवामा असार ६ गते भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

**सप्तरी**

जिल्ला प्रहरी कार्यालयको ना.१ भ ५५७ नम्बरको भ्यान र बा.२ ब ५६६६ नम्बरको मोटरसाइकलमा २०८१ असार १० गते राजविराज नगरपालिका-६ का २६ वर्षीय सोनु चौहान, २४ वर्षीय अर्जुन मलिक, १७ वर्षीय मनिष चौहानले ढु ामुढा गरी फुटाएको भन्दै असई ४५ वर्षीय महताव आलमले असार ११ गते प्रहरी प्रतिवेदन दिए। प्रहरी गस्तीमा रहेका बेला राजविराज नगरपालिका-७ स्थित राम मन्दिर क्षेत्रमा क्षति पुग्ने गरी सवारी साधन तोडफोड गर्नुका साथै ढुङ्गामुढा प्रहारबाट असई

आलमको छाती र हात, प्रहरी सहायक हवल्दार ३३ वर्षीय मनोज मेहताको दायाँ आँखा र प्रहरी जवान २२ वर्षीय शम्भु यादवको शरिरका विभिन्न भागमा चोटपटक लागेको छ। आरोपितहरु घटनास्थलबाट असार १० गते गिरफ्तार भए। जिल्ला प्रहरी कार्यालयमा असार ११ गते उजुरी दर्ता भयो। न्यायाधीश दीपककुमार दाहालको इजलाशले असार १८ गते बालकलाई संरक्षकको जिम्मामा लगाउने आदेश गरेको छ। यस्तै अन्य २ आरोपित सिडिओ मेखबहादुर मंग्रातीको इजलाशबाट असार १८ गते ५ हजार रुपियाँ धरौटी राखेर पुर्पक्षका लागि तारेखमा रिहा भए। हालसम्म फैसला भएको छैन्।

**धनुषा**

लक्ष्मीनिया गाउँपालिका-५ बनिनिया की २६ वर्षीया अनिता यादवको क्षिरेश्वरनाथ नगरपालिका-१ स्थित जानकी मेडिकल कलेज शिक्षण अस्पतालमा मृत्यु भयो। घटनाको विरोधमा पीडित परिवारले अस्पतालमा तोडफोड गरे। मृतकका पति २८ वर्षीय अमर यादवले वैशाख २८ गते शनिबार मध्यराती पत्नीलाई व्यथा लागेपछि जानकी मेडिकल कलेज लगेको बताए। वैशाख ३० गते बिहान शल्यक्रियाद्वारा भएको सुत्केरी पश्चात शिशु सकुशल रहेपनि पत्नीको मृत्यु भएको डाक्टरले जानकारी दिएको पीडितका पतिले बताए। चिकित्सकको लापरबाहीको कारण यस्तो घटना भएको भन्दै अस्पतालमा तोडफोड गरेका मृतकका पति अमर यादवले बताए। तर, मेडिकल कलेजका डाक्टर विजयकुमार शाहले अस्पतालद्वारा लापरबाही नभएको बताए। त्यस्तै, शल्यक्रिया गर्ने चिकित्सकलाई कारबाही गर्नुपर्ने र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्दै मृतकका परिवारले अस्पतालमा तोडफोड गरेपछि अस्पताल परिसर केहीबेर तनावग्रस्त रहेको थियो। इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी टोली र क्षिरेश्वरनाथ नगरपालिकाको नगरप्रमुख सुखदेव यादव, वडा नं १ का वडा अध्यक्ष मकेश्वर यादव, वड नं ६ का वडाध्यक्ष बिनोद गुप्तालगायतका जनप्रतिनिधिहरू घटनास्थल पुगी छलफलको वातावरण बनाएपछि अवस्था सामान्य भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्स्पेक्टर दीपक कार्कीले जानकारी दिए। त्यसैगरी, वैशाख ३१ गते राति ८ बजे मृतकका परिवार र अस्पताल प्रशासनबीच भएको छलफलमा मृतकको किरिया खर्च बापत ३ लाख ५० हजार रुपियाँ र छोराछोरीको पठनपाठनका लागि १० लाख रुपियाँ गरी जम्मा १३ लाख ५० हजार रुपियाँ र मृतकका पतिलाई योग्यताको आधारमा रोजगारी दिने भनी सहमति भएको मृतकका २४ वर्षीय भतिजा सुबोध यादवले जानकारी दिए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**मधेश प्रदेशद्वारा प्रकाशित**

**संयोजन** : राजु पासवान, **सम्पादन** : मोहनकुमार चौधरी

जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org